विशेष अदालत
काठमाडौं

# प्रेस विज्ञप्ति

न्यायपरिषद्को मिति २०७८ फागुन ११ गतेको निर्णय अनुसार तोकिनुभएका अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल, सदस्य माननीय न्यायाधीशहरू श्री रमेश कुमार पोखरेल, श्री यमुना भट्टराई, श्री शालिग्राम कोइराला, श्री बलभद्र बास्तोला र डा. श्री खुशी प्रसाद थारुले आज पदबहाली गर्नुभएको छ।

विशेष अदालतद्वारा आयोजित स्वागत तथा परिचयात्मक कार्यक्रममा नवनियुक्त अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलले सम्माननीय प्रधानन्यायाधीशज्यूबाट लिएको शपथ एवम् निर्देशनलाई मार्गदर्शनको रुपमा आत्मसात् गर्दै विशेष अदालतमा रहेका मुद्दालाई छिटो, छरितो र प्रभावकारी रुपले टुङ्ग्याउन आफू र आफ्नो समूह प्रतिबद्ध रहेको उल्लेख गर्दै विशेष अदालत ऐन, २०५९ को मर्म र भावनाबमोजिम न्यायिक सुशासन कायम गर्न र मुद्दा व्यवस्थापनमा थप प्रभावकारिता अभिवृद्धि गर्न सहकर्मी माननीय न्यायाधीश एवम् सम्पूर्ण कर्मचारीबाट समेत सहयोग र प्रतिबद्धताको अपेक्षा राख्नुभयो। कार्यक्रममा सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमानले विशेष अदालत आफैमा विशिष्टीकृत अदालत भएकाले विशेष प्रकृतिका मुद्दाको मात्रै कारवाही तथा किनारा गरी मुलुकमा सुशासन कायम राख्न यस अदालतको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो। विशेष अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीले विशेष अदालत व्यवस्थापनको संक्षिप्त विवरणसहित माननीय अध्यक्ष तथा सदस्य माननीय न्यायाधीशहरूलाई स्वागत गर्दै सेवाग्राहीको सन्तुष्टी मापन सर्भेक्षणबाट मुद्दाको किनारा छिटो, छरितो होस् भन्ने सरोकारवालाहरूको सुझाव अब कार्यान्वयन हुनेमा आफू आशावादी भएको र माननीयहरूको आगमनले विशेष अदालतले पूर्णता पाएको बताउनुभयो ।

विशेष अदालतका नवनियुक्त अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेलको अध्यक्षतामा उपरजिस्ट्रार श्री दिपेन्द्रनाथ योगीले संचालन गर्नुभएको स्वागत तथा परिचयात्मक कार्यक्रममा माननीय न्यायाधीशहरु लगायत सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो।

मितिः २०७८।११।२३।२

२०७८।११।२३।२

दिपेन्द्रनाथ योगी
प्रवक्ता